## सूचना १३

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पर्यटन मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका सह-सचिव श्री झुलेन्द्रमान प्रधानलाई मिति २०४७।१०।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४७।९।१६ को निर्णयानुसार लोक सेवा आयोग, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतका क्षेत्रीय निर्देशक श्री कृष्णप्रसाद कोइराला-लाई लोक सेवा आयोग, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाको क्षेत्रीय निर्देशक पदमा सरुवा गरेको छ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४७।९।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी सह-सचिवस्तर लोक सेवा आयोग वा अन्तर्गतका श्री उदयराज सोतीलाई लोक सेवा आयोग, मध्यपश्चिमान्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको क्षेत्रीय निर्देशक पदमा पदस्थापन गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०४७।९।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी सह-सचिवस्तर सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्रीमती मीरा राणालाई सोही सेवा, श्रेणी र स्तरको पदमा शिक्षा तथा संस्कृति मन्त्रालयमा सरुवा गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

४३०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।